

# परिवारीक खेती वर्ष २०१४

CSRC
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

OXFAM
अक्सफाम नेपाल



# खेतीपाती र सभ्यता

लहलह अन्न र तरकारी फल्ने हरिया फाँटहरू देख्दा हामीलाई आनन्द आउँछ। बाह्रै महिना नसुक्ने पानीका मुहानहरू, विभिन्न जातका रुखविरुवाहरू, अनेकन जडिबुटी र फलफूलसँगको सामिप्यताले मान्छेलाई खुसी बनाई राख्छ। प्रकृति र मानिसबीचको सम्बन्ध अथाह छ। किसानहरू प्रकृतिका उत्पादनलाई उपभोग मात्र गर्दैनन्। त्यसको जीवनचक्रलाई निरन्तरता दिन मायाँ पनि गर्छन्। तसर्थ प्रकृतिको जीवनचक्रलाई बुझेर, मायाँ गरेर, संरक्षण गरेर मात्र उपयोग गरिनुपर्छ। यसले धर्तीको संरक्षण गर्छ। संरक्षित धर्तीले समृद्धि र सभ्यता दिन्छ।

# परिवारीक खेती के र किन ?

मुलतः परिवारका सदस्यको श्रमले गरिने खेतीपाती नै परिवारिक खेतीपाती हो। जहाँ परिवारको प्रत्यक्ष रेखदेख हुन्छ। नेपालको सन्दर्भमा यो नौलो विषय होइन। गरिएको अधिकांश खेतीपाती परिवारिक नै हो। कुल परिवार संख्या ५४ लाख २७ हजार ३ सय २ मध्ये ३८ लाख ३१ हजारञ्ञ कृषक परिवार भएको तथ्यले पनि यही बोल्छ।

राष्ट्रिय कृषि गणना २०६८ का अनुसार ७०.५९ प्रतिशत परिवार कृषि पेशा गर्छन्। परिवारको औसत जमिन ०.७ हेक्टर छ। ०.५ हेक्टर भन्दा कम जग्गा हुने किसान परिवार ५४.८८ प्रतिशत छन्। २९ प्रतिशत ग्रामीण परिवार भूमिविहीनतामा बाँचिरहेका छन्। २०५३ सालबाट मोहीको अधिकार कटौती गरिएको छ। खेती गर्न सकिने जग्गामा चौथाई खेती भएको छैन। खेती भइरहेको जग्गाको पनि २० प्रतिशत बाँझो छ। यो परिवेशलाई सुल्झाएर खेती गर्नेले १२ महिना खान पुग्ने र कम्तिमा शिक्षा, स्वास्थ्य र अन्य सामाजिक कर्म गर्न खेतीबाटै पुग्ने अवस्थामा पुऱ्याउनु छ।

ठूला र व्यापारिक खेतीपातीले विश्वव्यापी रूपमा वातावरणमा नकरात्मक असर पऱ्यो। ठूलो खेती साना कृषि औजारको प्रयोगले मात्र सम्भव हुँदैन। मेशिनरी औजार प्रयोग गर्दा ठूलो मात्रामा ईन्धन खर्च हुन्छ। कम्पोष्ट मल हाल्न सम्भव नभएपछि अत्याधिक रासायनीक मल र विषाधीको प्रयोग गरिन्छ। यसले वातावरणमा नकरात्मक असर पर्नुका साथै त्यस्तो उत्पादनको उपभोगबाट मानव स्वास्थ्यमा नै नकरात्मक असर पुग्छ। यस्तो उत्पादकहरूलाई वातावरणको भन्दा बढी नाफाको चिन्ता हुन्छ। खान चाहिने उत्पादनभन्दा पनि भाउ धेरै आउने जैविक तेल, रवर आदि उत्पादनमा यिनको चाख रहन्छ। यसो हुँदा खेतीपातीलाई दिगो राख्न र लोकलाई भोकमुक्त बनाउन परिवारिक खेतीपाती नै उत्तम विकल्प हुने आवाज बलियो बन्दैछ। यही बुझाई र प्रक्रियालाई बहसमा लैजान संयुक्त राष्ट संघले सन् २०१४ लाई परिवारिक खेती वर्ष घोषणा गरेको छ।

परिवारिक खेती वर्षको अभियानमा खेतीमा संलग्न साना किसान, महिला तथा युवाहरूको पहिचान, भूमि अधिकार, दिगो कृषि पर्यावरणीय लगानी, किसानहरूको बजार पहुँचमा अभिवृद्धि, कृषि सम्बन्धी निर्णय प्रक्रियामा साना किसानको अर्थपूर्ण सहभागिता, दिगो कृषि कार्यमा युवा किसानको संलग्नताका मुद्दालाई जोड दिइएको छ।

दिगो र दीर्घकालिन सोचाई राख्ने हो भने व्यापारिक खेतीपातीबाट भन्दा परिवारिक खेतीबाट नै बढी उत्पादन गर्न सकिन्छ। व्यापारिक खेती प्रक्रियामा अत्याधिक रासायनीक पदार्थको प्रयोग गरेर क्षणिक समय उत्पादन बढी लिन सकिए पनि माटोको उर्वरा शक्ति ह्रास हुँदै गएपछि त्यही दरमा उत्पादन लिइरहन सम्भव हुँदैन। परिवारिक खेतीपाती गर्ने किसानहरू बीचको सहकार्य र सम्बन्धले समुदायमा हुने द्वन्द्वलाई कम गर्न सघाउँछ। बेरोजगारी कम गर्छ।

अन्य देशमा झैं नेपालमा पनि महत्वका साथ परिवारिक खेती वर्ष मनाइदैंछ। यसका लागि सरकारको नेतृत्वमा किसान सङ्गठनहरू, सहकारीहरू मिलेर विभिन्न अभियानहरू भइरहेका छन्। परिवारिक खेती वर्ष मनाउन नेपालमा कृषि विकास मन्त्रालयका सचिवको अध्यक्षतामा राष्टिय निर्देशक समिति बनेको छ। नेपाल कृषि सहकारी केन्द्रीय संघले सदस्य सचिवका साथै सचिवालयको जिम्मेवारी लिएको छ। यो अभियानमा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल पनि सुरुदेखि नै सामेल भइरहेको छ। निर्देशक समितिको संयोजनमा गाविस र जिल्लास्तरमा परिवारिक खेतीपातीबारे गोष्ठी र जिल्लास्तरमा ऱ्यालीहरू भइरहेका छन्। भूमि अधिकार मञ्चले परिवारिक खेतीपाती र भूमि अधिकार विषयमा सङ्गठन तहमा छलफल चलाइरहेको छ।

# उत्तम खेतीपाती

अहिलेको खेतीपातीमा सुधार आवश्यक छ। तर यसको समाधान ठूलो र व्यापारीक खेती हैन। खेती परिवारिक स्वामित्वमा गरिनुपर्छ। यसलाई व्यवस्थापन गर्न किसान नेतृत्वको सामुदायिक र सहकारी पद्दती अपनाउन सकिन्छ। जुन खेतीपाती किसान स्वयम्ले व्यवस्थापन गर्न सकुन्। किसान-किसान मिलेर जग्गा वा बालीमा चक्लाबन्दी गरुन्। तर कुनै एउटा ठालु नबनोस्। जहाँ परिवारको श्रमले खेतीपाती हुनसक्छ त्यहाँ श्रम शोषणका सम्भावना न्यून रहन्छन्। व्यापारीक खेती प्रक्रियाले आम्दानी सिमित व्यक्तिकोमा केन्द्रित हुन्छ।

आफ्नै श्रमले खेतीपाती गर्ने किसानहरू एक आपसमा मिलेर आर्थिक, वातावरणीय र जैविक हिसावले उपयुक्त प्रणालीमा जाने कार्यनै भविष्यको लागि पनि महत्वपूर्ण हुन्छ। यसका लागि किसान आफैं मिलेर सहकारी बनाई वा अन्य उपायबाट खेतीपाती, बजार आदिको सामूहिक व्यवस्थापन गर्न सक्छन्। उदाहरणको लागि किसानहरू आआफ्नो जग्गामा के खेती गर्ने ? कुन आवश्यक छ ? कुन फाइदाजनक छ भनेर एक आपसमा समूहमा सल्लाह गरेर योजना बनाउन सक्छन्। आवश्यक मल, बीउ खरिद एकमुष्ठ गर्न सक्छन् र बजार व्यवस्थापन पनि मिलेर नै गर्न सक्छन्। यसो गर्दा हुने छलफल र सहकार्यले समाजलाई सहयोगी बनाउन पनि मद्दत मिल्छ।

विश्व ग्रामीण मञ्चका अनुसार विश्वको ७० प्रतिशत खाद्यान्न साना र परिवारिक खेतीबाट पूरा हुँदै आएको छ। प्रति ईकाइमा हिसाव गर्दा पनि ठूलो खेतीभन्दा साना खेतीपाती मै बढी उत्पादन हुन जहाँ कम ऊर्जा र विषाधी एवम् रासायनीक मल प्रयोग हुन्छ। यसले जलवायु परिवर्तनको समस्यालाई पनि सम्बोधन गर्न मद्दत गर्छ। अहिले विश्वका ४० प्रतिशत परिवार परिवारिक खेती गर्छन्। यो नै अहिलेसम्मको रोजगारीको पनि ठूलो क्षेत्र हो। हाम्रो देशको सर्न्दभमा ७० प्रतिशतले नै खेती गर्न आवश्यक छैन। दिगो र सक्षम खेतीपाती अहिलेको आधा परिवारले धान सक्छन्।

कृषि क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा पुऱ्याएको योगदानबाट गरिबी निवारणमा पुगेको सहयोग अरु क्षेत्रको भन्दा दुईगुणा बढी पाइएको छ। भविष्यमा यदि वातावरणीय स्वास्थ्य र सामाजिक न्यायलाई हेरेर दिगो र शान्तिपूर्ण समाज चाहने हो भने साना र दिगो किसानी नै एक मात्र उपाय हो। यही चेतलै औद्योगिक खेतीपातीमा गइसकेका विकसित देशहरू खासगरी ल्याटिन अमेरिकी देश परिवारिक र खाद्यमुखी खेतीमा फर्किसकेका छन्।

खाद्य तथा पोषण असुरक्षा भोगिरहेका लाखौं नेपाली किसानहरूको मुख्य जीविकाको आधार कृषिलाई खाद्यान्न र पोषणका दृष्टिले हेरिनुपर्छ। हाम्रो देशमा, तराईका केही समथर मैदानमा बाहेक अन्यत्र उच्च लगानीको कृषि प्रणालीले आर्थिक प्रतिफल दिने देखिँदैन। झण्डै ८७ प्रतिशत पहाडी भू-भाग भएको, एक तिहाई शुष्क कृषि प्रणालीमा रहेको, टुक्राटुक्री र सानो आकारको जमिन भएका, न्यून आय रहेका किसानहरू भएको हाम्रो जस्तो मुलुकमा उच्च लगानीको सघन खेती प्रणाली असम्भव प्राय देखिन्छ। हाम्रो कृषि आकर्षक र प्रतिस्पर्धी बनाउन स्थानीय विशेषतामा आधारित बालीमा नै जोड दिनु पर्छ। यो कुरा स्थानीय रूपमा उत्पादन वृद्धि गर्न पनि महत्वपूर्ण छ किनभने स्थानीय रूपमा खाद्यान्न उपलब्ध नभएसम्म खाद्य सङ्कटबाट जनसमुदायलाई बचाउन सजिलो छैन।

# उठाउनु पर्ने मुद्दाहरू

दिगो खेतीपाती भनेको कृषियोग्य जमिनमा किसानको स्वामित्व कायम गरेर उत्पादन र उत्पादकत्व वृद्दि गर्दै आम्दानी बढाउन मद्दत गर्नु हो। भूमिको वर्तमान अन्यायपूर्ण वितरणको अवस्थालाई जस्ताको तस्तै राखि गरिने कृषि सुधारले कृषिको मूल समस्यालाई दीर्घकालिन हिसावले समाधान गर्न सम्भव नै छैन। दिगो खेतीपाती र किसानको आत्मनिर्भरताको लागि जमिनको पूनर्वितरण हुनै पर्दछ।

कृषियोग्य जग्गा गैरकृषि उपयोगमा गइरहेको छ। भू-खण्डिकरणको निरिक्षण हुनुपर्छ र यसलाई निरुत्साहित गरिनुपर्छ। भू-उपयोग नीतिको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ। सार्वजनिक जग्गालाई पनि यसको दायरामा ल्याउनुपर्छ। कुनै पनि कारणले जमिन बाँझो राख्ने काममा प्रतिबन्ध लगाउनुपर्छ।

सरकारले किसान मैत्री औजार, प्रविधि, तिनका सहकारी र उचित बजार व्यवस्थापनका क्षेत्रमा लगानी गर्नुपर्छ। खेती नै अरुलाई सुम्पने हैन। भूमि सुधार बिना परिवारिक खेतीको लक्ष्य पूरा हुन सक्दैन।

भूमिको संरक्षण, खेतीपाती र खाद्य प्रक्रियामा महिलाको भूमिका अतुलनीय छ। यसो हुँदा भूमिमा महिला किसानको स्वामित्व सुनिश्चित गरिनुपर्छ। तिनको योगदानलाई आत्मसाथ गरेर महिला मैत्री भूमि तथा कृषि नीति बन्नु आवश्यक छ।

भूमि तथा कृषि सुधारलाई व्यवस्थित बनाउन किसान समुदायलाई केन्द्रमा राख्नुपर्छ। यसका लागि पनि समुदाय तहबाटै छलफल र विश्लेषण आवश्यक छ। र, यस विश्लेषणका आधारमा समुदाय र प्रत्येक स्थानीय निकायले भूमि सुधार तथा कृषि सुधारको योजना बनाई किसानकै सहभागितामा अनुमोदन गरी कार्यान्वयनमा ल्याउने परिपाटी बसाल्नुपर्छ।

कृषि श्रमिकहरू पनि प्रायः चरम श्रम र उत्पादन शोषणको अवस्थामा रहेका देखिन्छन्। तिनीहरूको ज्याला पनि निश्चित भएको पाइँदैन। पुरुषले भन्दा महिलाले कम ज्याला पाउने गर्छन्। उचित र समान ज्यालाको विषयलाई पनि जोडतोडले उठाउनु पर्छ।

कृषि क्षेत्रलाई आधुनिक रूपमा विस्तार गर्न सक्दा युवा वर्गलाई रोजगारीको अवसर पनि सिर्जना हुन्छ। यसकारण अहिले परिवारिक खेतीको कुरा उठिरहँदा यहाँ रहेका बाँझो र खेर गइरहेको जमिनलाई पनि उपयोगमा ल्याउने स्पष्ट नीति बन्नु जरुरी छ। वास्तविक खेतीपाती गर्ने किसानलाई परिचय पत्रसहित जमिन उपलब्ध गरिनु पर्दछ।

यही वर्ष नयाँ संविधान लेखिदैंछ। संविधानमा आवास, खाद्य, भूमि र किसानको अधिकार सुनिश्चित हुनैपर्छ। जमिनमा आफैं श्रम गर्ने जोताहा महिला एवम् पुरुष किसानका पक्षमा भूमि सुधार गर्ने प्रावधान स्पष्ट उल्लेख गरिनुपर्दछ। यसो गर्दा खेती नगर्नेले खेतीयोग्य जग्गा राख्न नपाउने व्यवस्था हुनुपर्दछ। वास्तविक जोताहाले जमिन पाउने सुनिश्चित हुनपर्दछ। परिवारिक खेती वर्षको सर्न्दभमा यो मुद्दालाई हामीले सशक्त रूपमा उठाउनुपर्छ।

भूमि तथा कृषि सुधारको गाउँ टोलसम्म पुग्ने सहभागीमूलक र किसान मैत्री संरचना र सेवाका विषय पनि परिवारिक खेती वर्षको सर्न्दभमा विचार पुऱ्याउनै पर्ने पक्ष हो।

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल**

ठिमुरा, चितवन



